# सामाजिक विकास संस्था नियमावली, २०७५

सामाजिक विकास संस्था ऐन, २०७५ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरि प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "सामाजिक विकास संस्था नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अन्तर्राष्ट्रिय संस्था" भन्नाले ऐन बमोजिमको अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले सामाजिक विकास संस्था ऐन, २०७५ सम्झनुपर्छ ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नम्बर १ सम्झनुपर्छ ।

(घ) "प्रदेश सरकार" भन्नाले प्रदेशको मन्त्रीपरिषद सम्झनुपर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास संस्था सम्बन्धि कार्य क्षेत्र हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(च) "संस्था" भन्नाले ऐन बमोजिमको सामाजिक विकास संस्था सम्झनुपर्छ ।

## परिच्छेद-२

## संस्था दर्ता सम्वन्धी व्यवस्था

३. **स्थानीय तहले विवरण पठाउने :** ऐनको दफा ३ बमोजिम स्थानीय तहले विवरण पठाउँदा संस्था दर्ता भएको मितिले तीन महिनाभित्र संस्थाको कार्यसमितिको नामावली, ठेगाना, टेलिफोन नम्बर, इमेल ठेगाना समेत खुलाई पठाउनु पर्नेछ ।

४. **संस्थाको वर्गीकरण सम्वन्धि व्यवस्था :** (१) ऐनको दफा ३ को उपदफा (२) बमोजिम संस्थाको वर्गीकरण देहाय बमोजिम गरिनेछः-

(क) मानव अधिकार, कानून तथा न्याय र सुशासन,

(ख) महिला तथा बालबालिका, दलित तथा पिछडा बर्ग, अपांगता, जेष्ठ नागरिक र सामाजिक समाबेशीकरण,

(ग) कृषि, वन तथा वातावरण,

(घ) खानेपानी तथा सरसफाई र पूर्वाधार विकास,

(ङ) युवा तथा खेलकुद र शिक्षा,

(च) स्वास्थ्य र जनसंख्या,

(छ) भाषा, लिपि, कला र साहित्य, पर्यटन र संस्कृति,

(ज) उद्योग, वाणिज्य, श्रम र रोजगारी ।

(२) उपनियम (१) बमोजिम गरिएको बर्गिकरणलाई ऐनको दफा ७ बमोजिमको परिषदले आवश्यकता अनुसार संसोधन वा हेरफेर गर्न सक्नेछ ।

(३) ऐन र यस नियम बमोजिम दर्ता हुने संस्थालाई उपनियम (१) बमोजिम बर्गिकरण गरि संस्था दर्ताको प्रमाणपत्र प्रदान गरिने छ ।

५. **संस्थाको विधान, दर्ता र नविकरण** : (१) संस्था दर्ताको लागि दिइने निवेदनको ढाँचा र संलग्न गर्नु पर्ने बिबरणहरु अनुसुची-१ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

(२) संस्था दर्ता गर्न आवेदन दिँदा यस ऐन वा प्रचलित कानून बमोजिम संस्थाको विधान पेश गर्नु पर्नेछ । त्यसरी पेश हुन आएको विधान परिषदले जाँचबुझ गरी आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको विधानमा कम्तिमा नौ जनादेखी तेह्र जना सदस्य रहेको कार्यसमिति र ऐनको दफा २१ बमोजिम परिषदले तोकेको ढाँचा बमोजिमको अन्य विषय खुलेको हुनु पर्नेछ र त्यस्तो विधानलाई साथै संलग्न गरी संस्थाले पाँच हजार दस्तुर सहित संस्था दर्ताको लागि परिषदमा निवेदन दिनु पर्नेछ । त्यसरी दर्ता भएको निवेदनसाथ संलग्न विधानमा परिषदले ऐन र नियमावली बमोजिमछ छैन जाँचबुझ गरी आवश्यक हेरफेर गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको निवेदन पर्न आएमा परिषदले एक महिना भित्र जाँचबुझ गरी दर्ता गर्न मिल्ने भए दर्ता गरी दिनु पर्नेछ । दर्ता गर्न नमिल्ने भए दर्ता गर्न नसक्नाको आधार र कारण खोली संस्थालाई तत्काल लिखित जानकारी दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम संस्था दर्ता गर्न नसक्ने जानकारी पाएको पैंतीस दिन भित्र सम्बन्धित संस्थाले मन्त्रालयमा उजुरी गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम उजुरी प्राप्त भएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरि त्यस्तो संस्था दर्ता गर्न मनासिब ठहराएमा तीस दिन भित्र संस्था दर्ता गर्न परिषदलाई निर्देशन दिनु पर्नेछ र सो निर्देशन बमोजिम परिषद वा परिषदले तोकेको अधिकारीले संस्था दर्ता गर्नु पर्नेछ ।

(७) परिषदमा दर्ता भएका प्रत्येक संस्थाले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिना भित्र परिषदमा नविकरणको लागी निवेदन दिनु पर्नेछ । त्यसरी निवेदन दिँदा रु. दुई हजार दस्तुर बुझाउनु पर्नेछ ।

(८) उपनियम (७) बमोजिमको समयमा नविकरणका लागी निवेदन नदिने संस्थाले पुन संस्थाको नविकरण गराउन चाहेमा नविकरणका लागी पहिलो बर्षको हकमा रु. एक हजार र त्यसपछि प्रत्येक बर्षको लागी थप रु. एक हजार पाँच सय जरिवाना बुझाउनु पर्नेछ ।

(९) उपनियम (८) मा जुनसुकै कुरा लेखिएको भएतापनि तीन बर्ष भन्दा बढि समय व्यतित भएमा नविकरण गरिने छैन ।

६. **सुचिकृत सम्वन्धि व्यवस्था** : (१) ऐनको दफा ४ बमोजिम सुचिकृत हुन निवेदन दिने ढाँचा अनुसुची-२ बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन दिँदा रु. एक सय दस्तुर निवेदन साथ बुझाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सुचिकृत हुन निवेदन प्राप्त भएको सामान्यतया पन्ध्र दिन भित्र परिषदले सो सम्वन्धमा निर्णय गरी संस्थालाई सुचिकृत भएको लिखित जानकारी दिनुपर्नेछ ।

(४) यस नियम बमोजिम सुचिकृत हुने संस्थाले प्रत्येक वर्ष रु. एक हजार शुल्क बुझाई नवीकरण गर्नु पर्नेछ ।

७. **प्रतिवेदन सम्वन्धी व्यवस्था :** (१) ऐनको दफा ६ बमोजिम संस्थाले परिषद समक्ष पेश गर्नुपर्ने प्रगती प्रतिवेदनको ढाँचा अनुसुची-३ बमोजिम हुनेछ ।

तर परिषदले आवश्यकता अनुसार सो ढाँचामा संशोधन गर्न वा हेरफेर गर्न सक्नेछ ।

(२) संस्थाले पेश गरेको प्रतिवेदन अध्ययन गरि परिषदले सम्वन्धित संस्थालाइ देहाय बमोजिम निर्देशन दिन सक्नेछ :-

(क) योजना कार्यान्वयनमा उद्धेश्य अनुरुप सुधार गर्न ।

(ख) योजना कार्यान्वयनको खर्च र प्रतिफल विच सन्तुलन कायम गर्न ।

(ग) योजनामा निर्धारण गरिएको कार्यतालिका सन्तुलन कायम गर्न ।

(घ) परिषदले उपयुक्त ठानेको अन्य कुराहरु ।

(३) उपनियम (२) बमोजिम दिइएको निर्देशन पालना नगर्ने संस्थालाइ परिषदले लिखित रुपमा सचेत गराउन सक्नेछ ।

तर दुइपटक सम्म सचेत गराउँदा समेत परिषदको निर्देशन पालना नगर्ने संस्थाको काम कारवाही रोक्न परिषदले निर्देशन दिन सक्नेछ ।

(४) प्रतिवेदन सम्वन्धी अन्य व्यवस्था परिषदले तोक्न सक्नेछ ।

## परिच्छेद - ३

## परिषद सम्वन्धी व्यवस्था

८ **उपाध्यक्षको योग्यता :** (१) परिषदको उपाध्यक्ष पदमा नियुक्ती हुन देहाय बमोजिम योग्यता हुनु पर्नेछ :-

(क) पैंतीस बर्ष पुरा भई साठी बर्ष उमेर ननाघेको नेपाली नागरिक,

(ख) कम्तीमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको,

(ग) कम्तिमा दश वर्ष सरकारी वा सामाजिक क्षेत्रमा काम गरेको अनुभव भएको,

(घ) नैतिक पतन हुने फौजदारी कसूरमा अदालतमा मुद्दा नचलेको वा सजाय नपाएको,

(ङ) साहुको ऋण तिर्न नसकी दामासाहीमा नपरेको, र

(च) भ्रष्टाचारमा कसुरदार नठहरिएको ।

(२) उपनियम (१) बमोजिम योग्यता हासिल गरेका व्यक्तिलाई परिषदको कार्यक्षेत्र हेर्ने मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले परिषदको उपाध्यक्षमा नियुक्त गर्नेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त हुने उपाध्यक्षले अनुसुची - ४ बमोजिमको ढाँचामा सपथ गहण गर्नुपर्नेछ ।

**९. मनोनित सदस्यहरु सम्वन्धी व्यवस्था :** (१) ऐनको दफा ७ को उपदफा (२) को खण्ड (ज) बमोजिमका सदस्यहरुको मनोनयन प्रदेश सरकारले गर्नेछ ।

(२) देहायको योग्यता भएका व्यक्तिहरु मध्येबाट ऐनको दफा ७ को उपदफा (२) को खण्ड (छ) बमोजिम परिषदको सदस्यमा मनोनित गरिनेछ :-

(क) पच्चीस बर्ष पुरा भएको नेपाली नागरिक,

(ख) कम्तिमा पाँच वर्ष सामाजिक बिकासको क्षेत्रमा काम गरेको अनुभव भएको,

(ग) नैतिक पतन हुने फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(घ) साहुको ऋण तिर्न नसकी दामासाहीमा नपरेको,

(३) परिषदको सदस्यमा मनोनित हुने सदस्यले अनुसुचि - ५ बमोजिमको ढाँचामा सपथ ग्रहण गर्नुपर्नेछ ।

**१०. सिफारिस समितिको ब्यबस्था :** (१) परिषदको उपाध्यक्षको पदमा नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहने छ :-

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका प्रमुख सचिव | — संयोजक |
| (ख) | आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव | - सदस्य |
| (ग) | व्यवस्थापन, अर्थशास्त्र, वित्त, कानून वा समाजशास्त्र बिषयमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा दश बर्षको अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले मनोनित गरेको विषय विज्ञ एक जना | — सदस्य |
| (घ) | मन्त्रालयको सचिव | — सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले सार्वजनिक सूचना प्रकाशन गरी उपाध्यक्ष पदमा नियुक्तिको लागि तीन जना व्यक्तिको नाम मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिस भएका व्यक्तिहरु मध्येबाट एक जनालाई प्रदेश सरकारले उपाध्यक्ष पदमा नियुक्ति गर्नेछ ।

(४) सिफारिस समितिको बैठकको कार्यविधि सो समिति आफैले निर्धारण गर्नेछ ।

**११. परिषदको छाप :** परिषदले आफ्नो काम कारवाहिको लागि प्रयोग गर्ने छाप आफैं निर्धारण गर्न सक्नेछ ।

**१२. कर्मचारी नियुक्ति गर्ने :** (१) परिषद्को स्थायी कर्मचारीको नियुक्ति प्रक्रिया, पारिश्रमिक, सेवाको शर्त र सुबिधा सम्बन्धि व्यवस्था प्रदेश सरकारले बनाएको कर्मचारीको बन्दोवस्त सेवा सुविधा शर्त

सम्बन्धि नियमावली बमोजिम हुनेछ । सो नियमावली प्रदेश सरकारले स्वीकृत गरेपछि मात्र लागु हुनेछ ।

(२) परिषदको लागि आवश्यक स्थायी कर्मचारीको नियुक्ति नभएसम्म ऐन बमोजिम मन्त्रालयले संगठन संरचना स्विकृत गरी प्रदेश सरकारले अनुमोदन गरेपछि लागु हुनेछ ।

**१३.** **<u>आवद्धता सम्वन्धी व्यवस्था</u> :** (१) ऐनको दफा १४ बमोजिम परिषदमा आवद्ध हुन चाहने संस्थाले पाँच हजार रुपैयाँ बुझाई अनुसुची -६ बमोजिमका कागजपत्रहरु संलग्न गरी निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम निबेदन दिने संस्थालाई परिषदले आवद्धता प्रमाणपत्र दिनेछ ।

तर कुनै संस्थाले प्रचिलत ऐन र यस नियम विपरित कार्य गरेको ठहरिएमा परिषदले आवद्धता खारेज गर्न सक्नेछ । त्यसरी खारेज गर्नु अघि त्यस संस्थालाई सफाइको उचित मौका दिनु पर्नेछ ।

(३) आवद्धता सम्वन्धी अन्य व्यवस्था परिषदले तोके बमोजिम हुनेछ ।

**१४.** **<u>कोष संचालन सम्बन्धि व्यवस्था</u>** : परिषद्को बैंक खाता संचालन परिषद्को सदस्य सचिब र परिषद्को लेखा शाखाको प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ र परिषदको गठन नभएसम्म कोषको सञ्चालन मन्त्रालयले तोके बमोजिम हुनेछ ।

**१५.** **<u>वार्षिक प्रतिवेदन सम्वन्धी व्यवस्था</u> :** परिषदले ऐनको दफा २० बमोजिम पेश गर्नुपर्ने वार्षिक प्रतिवेदनको ढाँचा परिषद स्वयमले तोक्न सक्नेछ ।
तर परिषदले आवश्यकता अनुसार सो ढाँचामा संशोधन गर्न वा हेरफेर गर्न सक्नेछ ।

## परिच्छेद - ४

## <u>संस्था सम्वन्धी व्यवस्था</u>

**१६.** **<u>लेखा समिती सम्वन्धी व्यवस्था</u> :** (१) ऐनको दफा २५ बमोजिमको लेखा समितीको गठन देहाय बमोजिम हुनेछ ।

(क) संस्थाको साधारण सभाले निर्वाचन गरेको व्यक्ति -संयोजक

(ख) संस्थाको कार्य समितिले तोकेको साधारण सदस्य मध्येबाट एक जना (महिला) -सदस्य

(ग) आर्थिक प्रशासनको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त विज्ञ मध्येबाट एक -सदस्य

(२) उपनियम (१) को खण्ड (ग) बमोजिम नियुक्त गर्दा सम्बन्धित संस्थासँग कुनै पनि हकहित वा स्वार्थ नजोडिएको व्यक्तिलाई मात्र सदस्य नियुक्त गर्नु पर्नेछ ।

(३) लेखा समितीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रत्येक चौमासिकमा संस्थाको आयव्ययको विवरण कार्यसमितीको बैठकमा पेश गर्ने ।

(ख) आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र संस्थाको लेखापरिक्षण गराउने ।

(ग) वित्तिय तथा आर्थिक कारोवारको नियमित अनुगमन गर्ने र संस्थालाइ सुझाव दिने

(घ) संस्थाको आर्थिक प्रशासन सम्बन्धि निर्णय र निर्देशन कार्यान्वयन भए नभएको अनुगमन गरी सुझाव दिने ।

(ङ) आफुले दिएको सुझावको कार्यान्वयन नभएको कारणवाट संस्थालाई असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तीको हिनामिना वा अनियमितता भएको कारण संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेमा सो को कारण खुलाई परिषदमा आवश्यक कारवाहीको लागि सिफारिस गर्ने ।

(च) परिषद वा संस्थाले तोकीदिएको अन्य कार्यहरु गर्ने ।

**१७. <u>संस्थासँग सहकार्य गर्न सकिने</u> :** (१) ऐनको दफा २६ बमोजिम कुनै संस्थासँग प्रदेश सरकारले सहकार्य गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) प्रदेश सरकारको कुनै मन्त्रालयले आफ्नो वार्षिक कार्यक्रम अन्तर्गतको कुनै स्विकृत कार्यक्रम कार्यान्वयन गर्न सो मन्त्रालयले निर्णय गरी कुनै संस्थालाई अनुदान दिन वा साझेदारीमा कार्यक्रम संचालन गर्न सक्नेछ ।

तर यस नियम बमोजिम अनुदान दिंदा प्रचलित कानूनमा अन्यथा व्यवस्था गरिएको रहेछ भने सोही व्यवस्था वमोजिम गर्नु पर्नेछ ।

(ख) उपनियम (१) बमोजिम अनुदान दिंदा सम्वन्धित संस्थाको प्रशासनिक खर्च वा कार्यालय संचालनको लागि अनुदान दिइने छैन ।

(ग) ऐन र यस नियम बमोजिम कुनै संस्थासँग सहकार्य गर्दा मन्त्रालयको कार्यक्रम तथा संस्थाको उद्देश्य र बर्गीकरण बिच सामन्जस्यता हुने गरी गर्नु पर्नेछ ।

(२) यस नियम बमोजिम अनुदान दिने वा साझेदारीमा कार्यक्रम संचालन गर्न संस्था छनौट सम्वन्धी अन्य व्यवस्था प्रदेश सरकारले बनाएको कार्यविधि बमोजिम हुनेछ ।

**१८. <u>सम्मान सम्वन्धी व्यवस्था</u> :** (१) ऐनको दफा २७ बमोजिम सम्मान गरिने संस्थाको छनौट गर्न देहाय बमोजिमको छनौट तथा शिफारिस समितीको गठन गरिनेछ ।

(क) मन्त्रालयको सचिव — संयोजक

(ख) परिषद्को उपाध्यक्ष — सदस्य

(ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको उपसचिव स्तरको प्रतिनिधि — सदस्य

(घ) आर्थिक मामिला तथा योजना मन्त्रालयको उपसचिव स्तरको प्रतिनिधि - सदस्य

(ङ) अन्तरिक मामिला तथा कानून मन्त्रालयको उपसचिव स्तरको प्रतिनिधि — सदस्य

(च) मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख - सदस्य-सचिव ।

(२) उपनियम (१) बमोजिमको छनौट तथा सिफारिस समितीले कम्तिमा पाँचवटा संस्थाको नाम मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

(३) यस नियम बमोजिम सम्मान गरिने संस्था छनौटको मापदण्ड निर्धारण गर्ने, मुल्यांकन गर्ने र सिफारिस गर्ने सम्बन्धमा प्रदेश सरकारले अलग्गै कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(४) ऐन र यस नियम बमोजिम सम्मान गरिने संस्थालाई प्रदेश सरकारले एक लाख रुपैयाँ सम्म नगद र प्रमाणपत्र उपलव्ध गराउने छ ।

तर प्रदेश सरकारले उपरोक्त रकममा समय समयमा वृद्धी गर्न सक्नेछ ।

## परिच्छेद - ५

## विविध

**१९. अन्तर्राष्ट्रिय संस्था सम्वन्धी व्यवस्था :** (१) ऐनको दफा ३० को उपदफा (२) बमोजिम अन्तर्राष्ट्रिय संस्थाले स्विकृति लिन अनुसुचि-७ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पेश हुन आएमा सो को जाँचवुझ गरी मन्त्रालयले स्विकृती प्रदान गर्न सक्नेछ ।

**२०. अनुसुचीमा संसोधन गर्ने :** मन्त्रालयले आवश्यकता अनुसार यस नियम बमोजिमको अनुसुचीमा आवश्यक हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

**२१. निर्देशिका बनाउन सक्ने :** (१) मन्त्रालयले ऐन र यस नियमावली अन्तर्गत रही निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(२) परिषदले मन्त्रालयको सहमति लिई ऐन र यस नियमावली अन्तर्गत रही निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

**२२. बाधा अड्काउ फुकाउने :** यो नियमावली कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसुची-१
## (नियम ५.१ सँग सम्बन्धित)
## संस्था दर्ताको लागि दिइने निबेदनको ढाँचा

श्री दर्ता अधिकारीज्यू ,
............................कार्यालय ।

महोदय,

हामीले ....................................................सम्बन्धि संस्था खोल्न चाहेकोले सामाजिक विकास संस्था ऐन, २०७५ र सामाजिक विकास संस्था नियमावली, २०७५ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको बिबरण खोलि निबेदन गरेका छौं ।प्रस्तावित संस्थाको विधानको एक प्रति यसैसाथ संलग्न गरिएको छ ।

**विवरण**

(क) संस्थाको नाम र ठेगाना

(ख) उद्धेश्य (मुल उद्धेश्य एक र सो सँग सम्बन्धित सहायक उद्धेश्य बढीमा तीन वटा मात्र, तर कुनै संस्थाले उद्धेश्य संसोधन गरेको भए संसोधनको जानकारी गराउनु पर्नेछ)

(ग) कार्य समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा

(घ) कार्य समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि

(ङ) सम्पत्ति बिबरण (ऐन बमोजिम)

(च) संस्थाको आर्थिक श्रोत

(छ) संस्थाको सदस्यता प्राप्ति, समाप्ति र कार्य समिति सदस्यको निर्वाचन सम्बन्धि ब्यबस्था

(ज) ऐन र प्रचलित कानूनको पूर्ण पालना गरिएको भनि सबै निबेदकहरुको सहिछाप

**अनुसुची-२**
**(नियम ६.१ सँग सम्बन्धित)**
**<u>सुचिकृत हुन दिइने निवेदनको ढाँचा</u>**

श्री ..................................ज्यू ,
..............................कार्यालय ।

महोदय,

उपरोक्त सम्बन्धमा सामाजिक विकास संस्था ऐन, २०७५ र सामाजिक विकास संस्था नियमावली, २०७५ बमोजिम .......................................................संस्था सुचिकृत गर्नको लागि देहायको बिबरण खोलि निबेदन पेश गरिएको छ ।संस्थाको विधानको एक प्रति यसैसाथ संलग्न गरिएको छ ।

**<u>विवरण</u>**

(क) संस्थाको नाम र ठेगाना
(ख) उद्देश्य
(ग) बर्गीकरण
(घ) मुख्य व्यक्तिको सम्पर्क ठेगाना, इमेल र फोन नम्बर
(ङ) भौगोलिक कार्य क्षेत्र
(च) सहयोगी वा साझेदार संस्थाको नाम र सहयोगको बिबरण — आर्थिक, प्राबिधिक र अन्य
(छ) बार्षिक प्रगति विवरण
(ज) लेखापरिक्षण प्रतिबेदन
(झ) संस्था नवीकरण पत्र
(ञ) करचुक्ताको पत्र

**अनुसुची-३**
**(नियम ७.१ सँग सम्बन्धित)**
**<u>प्रगती प्रतिवेदनको ढाँचा</u>**

श्री ................................ज्यू ,
.............................कार्यालय ।

महोदय,

उपरोक्त सम्बन्धमा सामाजिक विकास संस्था ऐन, २०७५ र सामाजिक विकास संस्था नियमावली, २०७५ बमोजिम देहायको बिबरण खोलि मिति ........देखि .........सम्मको प्रगति प्रतिबेदन पेश गरिएको छ ।

**<u>विवरण</u>**

(क) योजनाको नाम र कुल बजेट
(ख) उद्धेश्य
(ग) कार्यक्षेत्र
(घ) लक्षित समूह
(ङ) सम्पन्न गरिएको कार्यहरु र स्थान
(च) खर्च भएको रकम
(छ) मुख्य उपलब्धिहरु
(ज) समस्या तथा समस्या समाधानको लागि भएका प्रयासहरु

**अनुसुची - ४**
**(नियम ८.३ सँग सम्बन्धित)**
**उपाध्यक्षको सपथ ग्रहणको ढाँचा**

म........................................मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता, प्रचलित संविधान तथा अन्य कानून प्रति पूर्ण बफादार रही परिषदको उपाध्यक्ष पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमान्दारीसाथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानून पालना गर्दा बाहेक म पदमा वहाल रहेको वा नरहेको कुनैपनि अवस्थामा प्रकट वा सङ्केत गर्ने छैन ।

नाम : .. ... ... ...
दस्तखत : ............

मिति :. ... ... ...

## अनुसुचि- ५
## (नियम ९.३ सँग सम्बन्धित)
## <u>मनोनित सदस्यको सपथ ग्रहणको ढाँचा</u>

म..........................................मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता, प्रचलित संविधान तथा अन्य कानून प्रति पूर्ण बफादार रही परिषदको सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमान्दारीसाथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानून पालना गर्दा बाहेक म पदमा वहाल रहेको वा नरहेको कुनैपनि अवस्थामा प्रकट वा सङ्केत गर्ने छैन ।

नाम : .. ... ... ...
दस्तखत : ............

मिति :. ... ... ...

## अनुसुची- ६
## (नियम १३.१ सँग सम्बन्धित)
## आवद्धताको लागि दिइने निवेदनसाथ पेश गर्नु पर्ने कागजपत्रहरुको विवरण

श्री ................................ज्यू ,
............................कार्यालय ।

महोदय,

उपरोक्त सम्बन्धमा सामाजिक विकास संस्था ऐन, २०७५ र सामाजिक विकास संस्था नियमावली, २०७५ बमोजिम देहायको बिबरण खोलि संस्था आवद्धताको लागि निबेदन पेश गरिएको छ ।

**विवरण**

(क) कार्य समितिको निर्णयको प्रतिलिपि,
(ख) संस्था दर्ता वा नविकरणको प्रतिलिपि,
(ग) संस्थाको बिधानको प्रतिलिपि,
(घ) कार्य समिति सदस्यहरुको नागरिकताको प्रतिलिपि,
(ङ) कार्यसमिति सदस्यहरु उपस्थित हुन नसकेमा मंजुरिनामा,
(च) दस्तुर बुझाएको रसिद

**अनुसुची- ७**

**(नियम १९.१ सँग सम्बन्धित)**

**अन्तर्राष्ट्रिय संस्थाले स्विकृति लिने निवेदनको ढाँचा**

श्री ...........................

................................ ।

उपरोक्त सम्बन्धमा सामाजिक विकास संस्था ऐन, २०७५ को दफा ३० (२) र नियमावलीको नियम १९ (१) बमोजिम देहायको विवरण सहित प्रदेश सरकारको स्वीकृतिको लागि निबेदन पेश गरिएको छ ।

(क) अन्तर्राष्ट्रिय संस्थाको नाम,

(ख) अन्तर्राष्ट्रिय संस्थाको विदेशस्थित कार्यालय र नेपालको ठेगाना

(ग) अन्तर्राष्ट्रिय संस्थाको उद्देश्य

(घ) नेपालमा मुख्य व्यक्तिको सम्पर्क ठेगाना, इमेल र फोन नम्बर

(ङ) अन्तर्राष्ट्रिय संस्थाले संचालन गर्न चाहेको योजनासँग सम्बन्धित सम्पूर्ण कागजातहरु (नेपाल सरकारको स्वीकृति पत्र, योजनाको लक्ष्य, उद्देश्य, अपेक्षित नतिजा, कुल बजेट, जनशक्ति विवरण समेत)

(च) काम गर्न चाहेको स्थानीय तह र छनौटको आधार

(छ) साझेदार संस्था छनौटको प्रक्रिया

(ज) योजना सम्पन्न भएपछि दिगोपना कायम गर्ने सोच र हस्तान्तरण प्रक्रिया ।